# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१) काठमाडौं, वैशाख १ गते २०३८ साल (पूर्वातिरिक्ताङ्क २

श्री ५ को सरकार

### प्रशासन व्यवस्था विभागको

### सूचना

निजामती सेवा (सत्रौं संशोधन) नियमावली, २०३८

निजामती सेवा नियमावली, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले नेपाल निजामती सेवा ऐन, २०१३ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "निजामती सेवा (सत्रौं संशोधन) नियमावली, २०३८" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. निजामती सेवा नियमावली, २०२१ को नियम ७.३ मा संशोधनः निजामती सेवा नियमावली, २०२१ (यसपछि मूल नियमावली भनिएको) को नियम ७.३ को प्रतिवन्धात्मक वाक्यांश (१) को सट्टा देहायको प्रतिवन्धात्मक वाक्यांश (१) राखिएको छ ।

"(१) खण्ड (क),(ख) र (ग) अनुसार पाउने उपदानको रकम कर्मचारी अवकाश हुंदाको अवस्थामा विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अंकको हिसाबले हुने क्रमशः ६ महीना, १२ महीना र १८ महीनाको तलब

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

939

भन्दा बढी हुने छैन र अस्थायी पदमा वा अस्थायी नियुक्ति हुने पदमा नियुक्ति भएको निजामती कर्मचारीले यस नियमबमोजिम उपदान पाउन सक्ने छैन।"

३. मूल नियमावलीको नियम ७.४ मा संशोधनः मूल नियमावलीको नियम ७.४ को प्रतिवन्धात्मक वाक्यांश (२) मा रहेको "यस नियम अनुसार पाउने निवृत्तभरण-को रकम मासिक रू. ७५०।– भन्दा बढी हुने छैन" भन्ने शब्दहरूको सट्टा यस नियम अनुसार पाउने निवृत्तभरणको रकम कर्मचारी अवकाश हुँदाको अवस्थामा विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अंकको आधा रकम भन्दा बढी हुने छैन" भन्ने शब्दहरू राखिएको छ।

४. मूल नियमावलीको नियम ७ क. ३ मा संशोधनः मूल नियमावलीको नियम ७ क. ३ (२) को खण्ड (ख) मा रहेको "तर यसरी थप निवृत्तभरण दिंदा कुल निवृत्तभरणको रकम मासिक रू. ७५०।– भन्दा बढी हुने छैन" भन्ने शब्दहरूको सट्टा "तर यसरी थप निवृत्तभरण दिंदा कुल निवृत्तभरणको रकम कर्मचारी अवकाश हुँदाको अवस्थामा विशिष्ट श्रेणीको प्रचलित तलब स्केलको शुरू तलब अंकको आधा रकम भन्दा बढी हुने छैन" भन्ने शब्दहरू राखिएको छ।

आज्ञाले–
मंगलकृष्ण श्रेष्ठ
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

मुद्रण विभाग